"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मितिः २०७८/०१/०१

### नयाँ वर्ष २०७८ को अवसरमा हार्दिक शुभकामना

नयाँ वर्ष २०७८ को अवसरमा महालक्ष्मी नगरबासी दिदीबहिनी तथा दाजुभाइहरु सहित स्वदेश तथा विदेशमा रहनुभएका समस्त नेपालीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु। नयाँ वर्षको पावन अवसरमा महामारीको रुपमा देखिएको कोरोना भाइरसरुपी संकटबाट विश्वजगतले मुक्ति पाउन सकोस् भन्ने कामना पनि गर्दछु।

२०७७ साल प्रवेशसँगै विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड– १९)को महामारी अझै यथावत् छ। गत वर्ष कोरोनाको उपचारका लागि विश्वले उत्पादन गरेका खोपहरु नेपालमा प्रवेश गरे पनि भाइरस नयाँ नयाँ स्वरुपमा प्रकट भइरहेका छन्। कोरोनाबाट बच्न अझै सतर्कता र सावधानी अपनाउनुपर्ने अवस्था आएको छ।

२०७७ सालभर नगरपालिकाले कोरोना महामारीविरुद्ध लड्दै विकास निर्माण, शिक्षा, स्वास्थ्यलगायत नगरबासीका दैनिक जीवनसँग जोडिएका विषयमा प्रभावकारी काम गर्न सफल भएको विश्वास लिएको छु। नगरपालिकाले आफ्नो स्रोत, साधन र क्षमताले भ्याएसम्मका प्रयासहरु गरेको छ, गरिरहने नै छ।

गत वर्ष यस नगरपालिकाले आइसोलेसन बेड/आईसीयुको व्यवस्था गर्ने, किटनाशक औषधि छर्कनेदेखि दैनिक तथा ज्यालादारी मजदुरका लागि राहतको व्यवस्था गरेको थियो। विदेशबाट फर्किएर क्वारेन्टाइनमा बसेकाहरुको "थ्रोट स्वाब" परीक्षणदेखि कोभिड खोप लगाउने तथा जनचेतनाका विभिन्न काम नगरपालिकाले गरेको छ।

मैले विगतको वर्षमा पनि भनेको थिएँ– महामारी सधैँ रहँदैन, यसको निश्चित आयु हुन्छ। तर, कोरोना पूर्णरुपमा निर्मूल भएको छैन। विश्वभरमै कोरोनाको दोस्रो लहर फैलिरहेको बेला तपाईं हामीले पनि थप सजगता र सतर्कता अपनाउन जरुरी छ। विगतमा पनि नगरबासीले देखाउनुभएको सतर्कता र सजगता देखाएकै कारण ठूलो क्षति हुनबाट जोगिएको स्मरण गराउन चाहन्छु। महामारीसँग लड्न नगरपालिकाले चालेका कदमप्रति आम नगरबासीले गर्नुभएको समन्वय, सहयोग र सहकार्यप्रति हार्दिक आभार व्यक्त गर्दछु।

अन्त्यमा, फेरि पनि नयाँ वर्ष २०७८ को अवसरमा महालक्ष्मी नगरबासी दिदीबहिनी तथा दाजुभाइहरुसँगै समस्त नेपालीहरुमा सुख, शान्ति, समृद्धि, प्रगति र आरोग्यको वर्ष बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

*"Unite To Fight Against Corona Virus COVID-19"*

फोन नं.: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np